# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 17, Issue 3 No. 99 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Ashoj 2074 (October 2017)


# अन्तरक्रिया कार्यक्रम सम्पन्न




सम्बोधन गर्नुहुँदै मा. मन्त्री

सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेतले नेपाल टेलिकममा सरकारको समेत लगानी भएकाले यो सधैँ पहिलो नम्बरको सेवा प्रदायक बन्नु पर्ने बताउनु भएको छ। उहाँले यसका लागि हाल भइरहेका कमी कमजोरीलाई सुधार गर्न र कम्पनीसँग भएको स्रोत साधनको प्रभावकारी रुपमा परिचालन गर्न निर्देशन दिनुभएको छ।

गत भाद्र २१ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित अन्तरक्रिया कार्यक्रममा माननीय मन्त्री बस्नेतले सो निर्देशन दिनुभएको हो। सो अवसरमा मन्त्री बस्नेतले सेवा विस्तार, गुणस्तर सुधार र राजश्व वृद्धिमा जोड दिनु नै अहिलेको आवश्यकता भएको बताउँदै यसका लागि कम्पनीका कर्मचारीको महत्वपूर्ण भूमिका हुने बताउनु भयो।


*(बाँकी २ पेजमा)*


# सञ्चार राज्यमन्त्रीबाट कम्पनीको निरीक्षण



मा. राज्यमन्त्री निर्देशन दिनु हुँदै

सूचना तथा सञ्चार राज्यमन्त्री तप्त बहादुर बिष्टले गत भाद्र ९ गते नेपाल टेलिकम केन्द्रीय कार्यालयको निरीक्षण भ्रमण गरी विभिन्न निर्देशन दिनु भएको छ।

भ्रमणका अवसरमा केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा माननीय राज्यमन्त्री बिष्टले बिद्युत, खानेपानी तथा टेलिफोनको तार व्यवस्थापनका लागि एउटै नीति बनाउनु आवश्यक भएकाले अन्य निकायसँग समेत समन्वय गर्न पहल गर्ने बताउनु भयो।

नेपाल टेलिकमको सेवा राम्रो हुनुका साथै ग्राहक पनि धेरै छन् तर मुलुकका कतिपय स्थानमा अझै सेवा पुग्न नसकेकाले त्यस्ता स्थानमा सेवा पुऱ्याउन र सेवा अवरुद्ध भएका स्थानमा यथाशीघ्र सेवा सुचारु गर्न निर्देशन दिनुभयो।

सो अवसरमा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीको हालको समग्र अवस्था बारेमा संक्षिप्त जानकारी गराउँदै आगामी वर्षका लागि कम्पनीले तयार गरेका विभिन्न योजना बारेमा जानकारी गराउनु भएको थियो।

उक्त अवसरमा कम्पनीका नायब प्रबन्ध निर्देशकहरु, निर्देशकहरु एवं वरिष्ठ अधिकृतहरु तथा कम्पनीमा क्रियाशील ट्रेड युनियनका अध्यक्षहरुको समेत उपस्थिति रहेको थियो।

# नि:शुल्क सिम वितरण

नेपाल टेलिकमले बाढी प्रभावित २३ वटा जिल्लाहरुमा गत भाद्र १२ गतेदेखि भाद्र २६ गतेसम्म जीएसएम प्रिपेड मोबाइलको सिम नि:शुल्क वितरण गरेको थियो। यसमा रु. ५०।- को टक भ्यालु (Talk Value) हुनुका साथै कम्पनीको नेटवर्कभित्र (On-Net) थप ५० मिनेट बराबरको नि:शुल्क कल गर्ने सुविधा समेत रहेको थियो।

कम्पनीले बाढी प्रभावित झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, सिन्धुली, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा यो सुविधा उपलब्ध गराएको थियो।

त्यसैगरी सो अवधिमा हराएको वा बिग्रेको प्रिपेड/पोष्टपेड सिमकार्डको सट्टामा अर्को सिमकार्ड पनि नि:शुल्क उपलब्ध गराइएको थियो।

# अफरको निरन्तरता

नेपाल टेलिकमले बुवाको मुख हेर्ने दिन तथा तीज पर्वको अवसरमा उपलब्ध गराएका विभिन्न प्रकारका अफरलाई निरन्तरता दिएको छ। अफर अन्तर्गत जीएसएम प्रिपेड/पोष्टपेड मोबाइलमा युट्युब डाटा प्याकेज र डिस्काउन्टेड भ्वाइस डाटा प्याकेज रहेका छन्। गत भदौ ५ देखि १९ गतेसम्म उपलब्ध गराइएका यी अफरहरु उपभोक्ताले अत्यधिक रुपमा रुचाएकाले भदौ २० गतेदेखि असोज ४ गतेसम्म लिन सक्ने गरी निरन्तरता दिइएको हो।

युट्युब डाटा प्याकेज अन्तर्गत एक सय रुपैयाँमा १ जिबी डाटा भोल्युम प्राप्त हुनेछ। यो प्याकेज २१ दिनको अवधिसम्म प्रयोग गर्न सकिने छ। त्यसैगरी ६० रुपैयाँमा ५ सय एमबी डाटा १४ दिन अवधिका लागि उपलब्ध हुनेछ। डिस्काउन्टेड भ्वाइस डाटा प्याकेज अन्तर्गत प्याक १५० र प्याक २५० उपलब्ध हुनेछ। प्याक १५० अन्तर्गत १५० रुपैयाँमा ६०० एमबी र प्याक २५० अन्तर्गत २५० रुपैयाँमा १ जिबी डाटा भोल्युम उपलब्ध हुनेछ। यी प्याक अन्तर्गतको स्किमबाट कम्पनीकै नेटवर्कमा कल वा एसएमएस गर्दा २० प्रतिशत छुट समेत उपलब्ध हुनेछ। यी दुई प्याक क्रमश: खरिद गरेको १४ दिन र २८ दिनको समयावधिसम्म प्रयोग गर्न सकिन्छ। डाटा भोल्युम सकिए पनि कल वा एसएमएस गर्दा भने १४ दिन र २८ दिनको समयावधिसम्म नै २० प्रतिशत छुट प्राप्त हुनेछ।

युट्युब डाटा प्याकेज लिनका लागि YT1GB वा YT500MB लेखेर १४१५ मा SMS पठाउनु पर्छ। त्यसैगरी डिस्काउन्टेड भ्वाइस डाटा प्याकेज लिनका लागि PACK150 वा PACK250 लेखेर १४१५ मा SMS पठाउनु पर्छ।

यी सबै सुविधाको उपभोग जुनसुकै समयमा पनि गर्न सकिने छ र यी अफरका दररेटहरु करसहितका हुन्।

(१ पेजको बाँकी)

# अन्तरक्रिया कार्यक्रम ...

माननीय मन्त्री बस्नेतले भन्नुभयो, 'गुणस्तरीय सेवाको माध्यमबाट आम्दानी वृद्धि गरी आगामी दिनमा नयाँ क्षेत्रमा समेत कार्य गर्न र नयाँ प्रविधिको अवलम्बन गर्न आवश्यक छ ।' उहाँले दक्ष जनशक्ति भएको र लामो इतिहास बोकेको नेपाल टेलिकमलाई अझै उचाईमा पुर्‍याउनका लागि दण्ड र पुरस्कारको उचित व्यवस्था गरी अगाडि बढ्न निर्देशन दिनु भयो ।

सो अवसरमा सूचना तथा सञ्चार राज्यमन्त्री तप्तबहादुर बिष्टले 'कम्पनीमा भएका समस्याको समाधान कसरी गर्ने र भविष्यमा कसरी अगाडि बढ्ने भन्ने बारेमा योजना बनाउन' निर्देशन दिनुभयो । उहाँले 'सेवा विस्तार, गुणस्तर सुधार, दण्ड र पुरस्कार पद्धति अवलम्बन, शीघ्र निर्णय र यसको कार्यान्वयन आदिको माध्यमबाट कम्पनीलाई आगामी दिनमा पनि पहिलो नम्बरमा राख्न सकिने भएकाले त्यसैअनुसार कार्य गर्न' कम्पनी व्यवस्थापनलाई निर्देशन दिनुभयो ।

सूचना तथा सञ्चार मन्त्रालयका सचिव एवं नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङले व्यवस्थापन र सञ्चालक समितिका लागि सो अन्तरक्रिया कार्यक्रम मार्गदर्शक बनेको बताउदै कम्पनीमा अब दण्ड र पुरस्कारको उचित व्यवस्था गरिने बताउनु भयो । उहाँले क्षेत्रीय निर्देशनालयहरुलाई अझै बढी अधिकार दिन तथा ग्राहकहरुको मागअनुसारका सेवा उपलब्ध गराउनका लागि सञ्चालक समिति तयार रहेको बताउँदै यी सबै कार्यका लागि उपयुक्त प्रस्ताव तयार गरिने बताउनु भयो ।

उहाँले कम्पनीलाई थप क्रियाशील बनाउनका लागि पुनर्संरचनाको कार्य चलिरहेको बताउँदै यसमा भएका कमी कमजोरीलाई सुधार गरेर आगामी दिनमा थप कार्य अगाडि बढाइने बताउनु भयो ।



कार्यक्रममा उपस्थित कम्पनीका पदाधिकारीहरु

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बर झाले 'दूरसञ्चार क्षेत्रको वर्तमान अवस्था र भावी कार्यदिशा' बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । सो अवसरमा उहाँले नेपाल टेलिकमलाई मध्य पहाडी लोकमार्गको प्रदेश नम्बर १, २ र ३ मा अप्टिकल फाइबर बिछ्याउनका लागि जिम्मेबारी दिइएकोले सो कार्य समयमै अगाडि बढाउन तथा फोरजी सेवालाई देशका विभिन्न भागमा विस्तार गर्ने कार्य अगाडि बढाउन आग्रह गर्नुभयो ।

अध्यक्ष झाले 'आगामी दिनमा देशका हरेक गाउँपालिका र नगरपालिकामा सेवा पुर्‍याउने दायित्व नेपाल टेलिकमको भएकोले त्यसैअनुसार तयारी गर्न' अनुरोध गर्नुभयो । उहाँले ग्रामीण इलाकामा इन्टरनेट सेवा पुर्‍याउनका लागि समेत आगामी दिनमा प्राधिकरणले नेपाल टेलिकमलाई नै जिम्मेवारी दिने जानकारी गराउनु भयो ।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले माननीय मन्त्रीज्यूको निर्देशनअनुसार अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको जानकारी दिदै सल्लाह, सुझाव र प्रतिक्रिया दिनु हुने सबैमा आभार प्रकट गर्नुभयो ।

नेपाल टेलिकम तीव्र प्रतिस्पर्धाको बजारमा प्रवेश गरेको बताउदै उहाँले सरकारी नियम कानुनमा रहेर पनि कम्पनी सदैव अग्रणी स्थानमा रहेको बताउनु भयो । अन्तरक्रियामार्फत उच्च व्यवस्थापनलाई कम्पनीको हितका लागि थप भूमिका निर्वाह गर्न उर्जा प्राप्त भएको बताउँदै उहाँले आगामी वर्षका लागि तयार गरिएका केही प्रमुख योजना र आयोजना बारे जानकारी दिनु भएको थियो ।

कार्यक्रममा नायब प्रबन्ध निर्देशक तथा निर्देशकहरुले आफू अन्तर्गतका कम्पनीका लक्ष्य तथा कार्यक्रमहरु र कार्यान्वयनका क्रममा देखा परेका चुनौतीहरुका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा विभिन्न कार्यालयका प्रमुखहरुले आफ्नो र अन्तर्गत कार्यालयमा भएका समस्याका बारेमा जानकारी दिदै समाधानका लागि सहयोग गर्न व्यवस्थापनको ध्यानाकर्षण गराउनु भएको थियो ।

सो अवसरमा कम्पनीमा क्रियाशील युनियनका अध्यक्षहरुले हाल कम्पनीले सामना गर्नु परेको चुनौति र समाधानका उपाय बारेमा सुझाव प्रस्तुत गर्नुभएको थियो ।

# कम्पनीको प्रायोजनमा फुटसल लिग सम्पन्न

नेपाल टेलिकमको मुख्य प्रायोजनमा कर्पोरेट फुटसल लिग सम्पन्न भएको छ । कम्पनीले Title Sponsor को रुपमा प्रायोजन गरेको सो NT 4G 5th Annual Corporate Futsal League 2017 श्रावण २१ गते प्रारम्भ भएको थियो । फुटसल लिग भाद्र १० गते समापन भएको थियो । सो लिगमा कुमारी बैंकले प्रथम र लक्ष्मी ग्रुपले दोस्रो स्थान हासिल गरेको थियो ।



समापन कार्यक्रममा नेपाल टेलिकमका प्रमुख व्यावसायिक अधिकृत प्रदीप राज उपाध्यायले विजेता खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नु भएको थियो ।

उक्त समापन कार्यक्रममा बोल्दै प्रमुख व्यावसायिक अधिकृत उपाध्यायले यस प्रकारका खेलकुद कार्यक्रमबाट कर्मचारीहरुलाई पुनःताजगी तथा उत्प्रेरणा मिल्न सहयोग पुग्ने बताउँनुभयो । साथै उहाँले कर्पोरेट क्षेत्रलाई यस्ता कार्यक्रममार्फत एक आपसमा आबद्ध गर्न सहज हुने बताउनु भयो ।

समापन कार्यक्रममा कम्पनीका प्रबन्धकहरु, वरिष्ठ अधिकृतहरुलगायत कम्पनीका अन्य कर्मचारी तथा खेलाडीहरुको उपस्थिति रहेको थियो ।

# सिन्धुपाल्चोकको दुर्गम स्थानमा जीएसएम

नेपाल टेलिकमले सिन्धुपाल्चोक जिल्लाको चेपेडाँडास्थित जीएसएम मोबाइल साइट सञ्चालनमा ल्याएको छ । यसबाट सो क्षेत्रका विकट स्थानमा जीएसएम मोबाइलको पहुँच पुगेको छ । यो भन्दा पहिले भने यी स्थानमा सीडीएमए प्रविधिका मोबाइल मात्र सञ्चालनमा थिए ।

चेपेडाँडाको साइट सञ्चालन पश्चात सिन्धुपाल्चोक जिल्लाका साविकका सेलाङ, गोल्चे, पाङताङ, गुम्बा, बराम्ची, जलबीरे र हगाम गाविसमा जीएसएम मोबाइलको पहुँच पुगेको छ ।

यो क्षेत्रमा पहिलेदेखि नै करिब ४ हजार ग्राहक भएका र अब जीएसएम मोबाइलको पहुँच पश्चात ग्राहक संख्यामा वृद्धि हुने अनुमान गरिएको छ । सेवा सुचारु भएपछि यस क्षेत्रका जनता निकै उत्साहित भएको पाइएको छ । अब सो क्षेत्रका बासिन्दाले जीएसएम मोबाइलबाट डाटा चलाउन र फोन गर्न सक्ने छन् ।

गोल्चे र गुम्बा गाविस चीनको सीमानासम्म जोडिएका छन् । दुर्गम तथा अति विकट क्षेत्रका ग्रामीण तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने नेपाल सरकारको नीतिअनुसार कम्पनीले सो क्षेत्रमा सेवा विस्तार गरेको हो । प्रतिफल कम आउने र तुलनात्मकरुपमा लगानी बढी हुने स्थानहरुमा समेत समान रुपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै सो स्थानमा हालै उपकरण जडान गरी नेपाल टेलिकमले सेवा सञ्चालनमा ल्याएको हो ।

**नेपाल टेलिकमले उपलब्ध गराएका डाटा प्याकेजहरु के के छन् ? यी प्याकेज लिनका लागि के गर्नु पर्छ ?**

नेपाल टेलिकमले जीएसएम र सीडीएमए दुबै प्रविधिका मोबाइलमा फरक फरक डाटा प्याकेज उपलब्ध गराएको छ ।

GSM (Prepaid/Postpaid) मोबाइलका लागि उपलब्ध रेगुलर डाटा प्याकेजहरु यी हुन् :

| Data Package | Tariff (Rs) | Validity |
|---|---|---|
| 10 MB | 8 | 2 days |
| 50 MB | 35 | 10 days |
| 200 MB | 130 | 1 month |
| 500 MB | 300 | 1 month |
| 1 GB | 500 | 1 month |
| 3 GB | 1,290 | 2 months |
| 5 GB | 1,800 | 3 months |
| 10 GB | 2,800 | 6 months |

**डाटा प्याकेज खरिद गर्नको लागि आफूलाई चाहिएको डाटा भोल्युम उल्लेख गरी १४१५ मा SMS गर्नु पर्छ ।** जस्तै :

200 MB **डाटा प्याकेज खरिद गर्नको लागि** : Type "DATA200MB" and send to 1415

10 GB **डाटा प्याकेज खरिद गर्नको लागि** : Type "DATA10GB" and send to 1415

CDMA (Prepaid/Postpaid) मोबाइल लागि उपलब्ध रेगुलर डाटा प्याकेजहरु यी हुन् :

| Data Package | Tariff (Rs) | Validity |
|---|---|---|
| 40 MB | 15 | 3 days |
| 200 MB | 75 | 1 month |
| 500 MB | 175 | 1 month |
| 1 GB | 325 | 1 month |
| 3 GB | 850 | 2 months |
| 5 GB | 1,180 | 3 months |
| 10 GB | 1,800 | 6 months |




**डाटा प्याकेज खरिद गर्नको लागि आफूलाई चाहिएको डाटा भोल्युम उल्लेख गरी १४१५ मा SMS गर्नु पर्छ ।**

जस्तै :

200 MB **डाटा प्याकेज खरिद गर्नको लागि** : Type "DATA200MB" and send to 1415

10 GB **डाटा प्याकेज खरिद गर्नको लागि** : Type "DATA10GB" and send to 1415

***Bulk SMS सेवा उपभोक्ता वा व्यवसायिक संस्थाहरुले कसरी लिन सकिन्छ ?***

Bulk SMS सेवा विशेष गरी धेरै सदस्य वा ग्राहकसँग नियमित सम्पर्क गर्नुपर्ने व्यापारिक प्रतिष्ठान, शैक्षिक संस्था, वित्तीय संस्था, पर्यटन व्यवसायी, सरकारी, अर्ध सरकारी र गैरसरकारी निकायलगायतका संघ संस्थाहरुका लागि बढी उपयोगी छ ।

संघ-संस्थाहरुले नेपाल टेलिकमको केन्द्रीय कार्यालयस्थित प्रमुख व्यावसायिक अधिकृतको कार्यालय र व्यक्तिगत उपभोक्ताले कम्पनीको अनुमति प्राप्त VAS Service Provider हरुसँग सम्पर्क गरी सेवा प्राप्त गर्न सकिन्छ ।

यो सेवा प्रिपेड प्रकृतिको भएको हुनाले SMS संख्याका आधारमा लाग्ने शुल्क भुक्तानी गरिसकेपछि User Name र Password उपलब्ध हुनेछ । User Name तथा Password को प्रयोग गरी नेपाल टेलिकमको Web मार्फत सेवा उपभोग गर्न सकिन्छ । ग्राहक स्वयंले आफ्नो समूहभित्र रहेका नेपाल टेलिकमका जीएसएम तथा सीडीएमए दुबै किसिमका पोष्टपेड तथा प्रिपेड मोबाइल नम्बरमा एकपटकमा अंग्रेजीमा १६० अक्षर तथा युनिकोडमा ७० अक्षरसम्मको SMS पठाउन सकिन्छ । Web सुविधा नभएका ग्राहकहरुले आफूले पठाउन चाहेको सूचना तथा ग्राहकहरुको मोबाइल नम्बर उपलब्ध गराएमा कम्पनी वा सेवाप्रदायकले SMS पठाइदिने छ ।

नेपाल टेलिकमबाट यो सेवा लिन चाहने संघ-संस्थाले मासिक न्यूनतम १० हजार SMS पठाउनु पर्ने हुन्छ । सो भन्दा कम SMS पठाउन चाहने संघ संस्थाले कम्पनीबाट अनुमति प्राप्त VAS Service Provider हरुसँग सम्पर्क गरी सेवा लिन सकिने छ ।

# प्रबन्ध निर्देशकबाट वीरगञ्ज क्षेत्रको भ्रमण



नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले वीरगञ्ज क्षेत्रीय निर्देशनालय र सो अन्तर्गतका कार्यालयहरुको निरीक्षण भ्रमण गरी सो क्षेत्रमा कम्पनीका सेवाहरुको बर्तमान वस्तुस्थिति र भविष्यमा गर्नुपर्ने कार्यका बारेमा जानकारी लिनु भएको छ ।

गत भदौ ११ र १२ गते भएको सो निरीक्षण भ्रमणका क्रममा उहाँले कम्पनीको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन निर्देशन दिनुभएको थियो ।

निरीक्षण भ्रमणको क्रममा दूरसञ्चार कार्यालय, जनकपुरमा आयोजित कार्यक्रममा उहाँले प्रमुख सेवाप्रदायकको नाताले सबै उपभोक्ता सन्तुष्ट हुनेगरी भरपर्दो सेवा उपलब्ध गराएर राजस्व बृद्धि गर्न स्थानीय कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

उहाँले 'राष्ट्रको सञ्चारका रुपमा रहेको नेपाल टेलिकमप्रति उपभोक्ताहरुको भावनात्मक सम्बन्ध र गहिरो विश्वास भएकोले सो विश्वासलाई अझ मजबूत बनाउँने गरी आफ्ना कमी कमजोरीहरु सुधार गरेर गुणस्तरीय र भरपर्दो सेवा उपलब्ध गराउन' आग्रह गर्नुभयो । 'तीब्र प्रतिस्पर्धाको वर्तमान अवस्थामा ग्राहकका चाहना र माग पनि परिवर्तन भइरहेकाले माग अनुरुपका सेवाहरु द्रुत गतिमा प्रवाह गर्नुको विकल्प नभएको' प्रबन्ध निर्देशक राजभण्डारीले बताउनु भयो । उहाँले 'उपभोक्ताको माग अनुरुपका सेवा उपलब्ध गराउन सम्पूर्ण कर्मचारीहरु एकजुट भएर आपसमा विश्वासको वातावरण निर्माण गरी अगाडि बढ्नुपर्ने' बताउनु भयो ।

सो अवसरमा कम्पनीका प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेलले यस आर्थिक वर्षको मुख्य कार्यक्रम नै तराई क्षेत्रमा नेटवर्क बिस्तार गर्ने भएकाले तराइका प्रमुख नगरहरुमा कम्पनीका सेवासम्बन्धी विशेष प्रवर्द्धनात्मक कार्यक्रम गरिने बताउनु भयो । उहाँले ग्राहक सेवा विस्तार र राजश्व वृद्धिमा सहयोग पुग्ने गरी कार्य गर्न आग्रह गर्दै सम्पूर्ण कर्मचारीहरुलाई आर्थिक अनुशासनमा रहेर कम्पनीका लक्ष्य प्राप्तिमा संलग्न हुन आग्रह गर्नुभयो ।



सो अवसरमा वीरगञ्ज क्षेत्रीय निर्देशनालयका निर्देशक प्रमोद कुमार परमारले निश्चित लक्ष्यका साथ निर्देशनालयले कार्य गरिरहेको र वीरगञ्ज क्षेत्रमा ट्रान्समिसन लिंक अपग्रेड तथा व्यापार प्रवर्द्धनको कार्य भइरहेकोले आगामी दिनमा थप ग्राहक विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक प्रतिभा बैद्यले कम्पनीका सम्पूर्ण कर्मचारीले ब्रान्ड पहिचान हुने गरी कार्य गर्नुपर्ने र हरेक कर्मचारीले कम्पनीको प्रतिनिधिका रुपमा ग्राहकलाई सेवा पुर्‍याउनुपर्ने बताउनु भयो ।

उक्त अवसरमा दूरसञ्चार कार्यालय जनकपुरका प्रमुख नारायण प्रसाद काफ्लेले सो कार्यालय तथा अन्तर्गतका शाखा कार्यालयमा भएका विभिन्न गतिविधि र उपलब्धि बारेमा जानकारी गराउनु भएको थियो । त्यसैगरी कार्यालयका कर्मचारी तथा क्रियाशिल युनियनका पदाधिकारीहरुले सो क्षेत्रको यथार्थ वस्तुस्थिति बारेमा जानकारी गराउनु भएको थियो ।

# नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न



स्वास्थ्य शिविरमा नि:शुल्क औषधि वितरणको शुभारम्भ गर्नु हुँदै प्रबन्ध निर्देशक

नेपाल टेलिकमले हालै गएको भीषण बाढीबाट अति प्रभावित पूर्वाञ्चलका दुई जिल्लामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरी औषधि र सेवा उपलब्ध गराएको छ। कम्पनीले महोत्तरीको लोहारपट्टीमा गत भाद्र १२ गते र सप्तरीको भेडियामठमा भाद्र १४ गते स्वास्थ्य शिविर सञ्चालन गरेको थियो ।

गत भाद्र १२ गते महोत्तरीको लोहारपट्टीमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले सेवाग्राहीलाई औषधि वितरण गरेर नि:शुल्क स्वास्थ्य शिविरको शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा प्रबन्ध निर्देशक राजभण्डारीले बाढी प्रभावित नागरिकहरुलाई केही राहत पुगोस् भन्ने उद्देश्यले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रभावित क्षेत्रमा नै आएर नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको बताउनु भयो । उहाँले विगतमा पनि कम्पनीले भूकम्प, बाढीलगायत प्राकृतिक प्रकोपका कारण प्रभावित भएका नागरिकहरुको हितका लागि यथाशक्य सहयोग गर्दै आएको र भविष्यमा पनि यस किसिमको सहयोग गर्न कम्पनी प्रतिबद्ध रहेको बताउनु भयो ।

नि:शुल्क स्वास्थ्य शिविर शुभारम्भका अवसरमा नेपाल टेलिकमका प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेल, वीरगञ्ज क्षेत्रीय निर्देशनालयका निर्देशक प्रमोद कुमार परमार र अन्य बरिष्ठ अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

सो नि:शुल्क स्वास्थ्य शिविरमार्फत महोत्तरीको लोहारपट्टीमा ७ सय ३२ र सप्तरीको भेडियामठमा ४ सय २३ जनाले नि:शुल्क स्वास्थ्य परीक्षण सेवा र नि:शुल्क औषधि प्राप्त गरे । सो नि:शुल्क स्वास्थ्य शिविरमा बाढी प्रभावित क्षेत्रका महिला, बालबालिका तथा वृद्धवृद्धाका साथै अन्य नागरिकहरु सेवा प्राप्त गरी लाभान्वित भएका छन्। उक्त नि:शुल्क स्वास्थ्य शिविरमा चिकित्सक तथा स्वास्थ्यकर्मी गरी १३ जनाको टोलीले सेवा उपलब्ध गराएका थिए ।

यसका साथै सञ्चार सुविधामा सहज होस् भन्ने उद्देश्यले कम्पनीले जीएसएम प्रिपेड मोबाइलको सिमकार्ड नि:शुल्क वितरण गरेको थियो ।



महोत्तरीमा स्वास्थ्य शिविरको झलक




सप्तरीमा स्वास्थ्य शिविरको झलक




दूरसञ्चार कार्यालय पोखराले पछिल्लो महिनामा गण्डकी अञ्चलका विभिन्न क्षेत्रमा मोबाइल सेवा बिस्तारलाई तीव्रता दिएको छ।

कम्पनीले भूकम्पबाट अति प्रभावित गोर्खा जिल्लाको लाप्राकमा जीएसएम मोबाइल टावर स्थापना गरी सो टावरबाट लाप्राक, गुम्दा, केरौन्जा क्षेत्रमा मोबाइल सेवा विस्तार गरिसकेको छ ।

बारपाकमा वाइम्याक्स इन्टरनेट प्रविधिमार्फत तीव्र गतिको इन्टरनेट सेवा वितरणका लागि पूर्वाधार जडान गरिएको छ । गोर्खाकै मिरकोटमा स्थापित नयाँ टावरबाट उक्त क्षेत्रका मिरकोट, सेरा, सानावेसी, वाग्डाँडा, धौखोला, जोगीगाउँ सातदोबाटो लगायतका क्षेत्रमा इन्टरनेट सेवा समेत सञ्चालन हुनेगरी टावर स्थापना गरिएको छ ।

यस्तै स्याङजा जिल्लाको मालुङ्गा, जगत्रदेवी, ढापुक सिमलभन्ज्याङमा, पाल्पा जिल्लाका पिपलडाडा, हुडदी फोक्सिङकोटमा हालै मोबाइल सेवा सञ्चालनमा ल्याइएको छ । लमजुङ, कास्की र तनहुको सिमानामा रहेको पर्यटकीय क्षेत्र शिशाघाटमा स्थापित मोबाइल टावरबाट तनहुँको स्याम्घा, कास्कीको सिद्ध र तनहुँकै दुइपिप्ले र फिरफिरे आसपासका क्षेत्रमा सेवा पुगेको छ। कास्की जिल्लाको पर्यटकीय कुइरेडाँडामा स्थापना भएको टावरबाट कास्कीका भदौरे, चापाकोट, कास्कीकोट र ढिकुरपोखरीमा हालै सेवा पुऱ्याइएको छ। कास्कीकै रुपाकोटमा स्थापना भएको टावरबाट रुपाकोट, माझकोट र हंसपुरका केही क्षेत्रहरुमा मोबाइल तथा मोबाइल इन्टरनेट सेवाको पहुँच विस्तार भएको छ। अन्य क्षेत्रमा पनि उपकरणहरु जडान गरी सेवा विस्तारका लागि द्रुत गतिमा काम भइरहेको छ ।

यसै सन्दर्भमा दूरसञ्चार कार्यालय पोखराले कर्मचारीहरुका लागि एक दिने अभिमुखीकरण तथा सकारात्मक सोचसम्बन्धी तालिम सम्पन्न गरेको छ ।


नेपालीहरुको महान् चाड पर्वहरु
**बडा दशैं, दिपावली, नेपाल संवत्, छठ**
आदिको उपलक्ष्यमा
उपभोक्ता एवं आमनेपालीहरुमा
हार्दिक मंगलमय
शुभकामना अर्पण गर्दछौं ।

चाडपर्वका अवसरमा कम्पनीले उपलब्ध गराउने छुट तथा अफरहरुको भरपूर उपयोग गरी लाभान्वित हुन अनुरोध छ ।

राष्ट्रको सञ्चार
नेपाल टेलिकम



सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**